Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक

Aarthik Dainik Pvt.Ltd.




◆ वर्ष १५ ◆ अङ्क ४४७८ ◆ २०८१ पुस २ गते मंगलबार ◆ ने.सं. ११४५ ◆ पृष्ठ ८ ◆ Tuesday, December 17, 2024 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com

## बैंकहरूको चार महिनाको खर्च ३५ अर्ब

■ आर्थिक संवाददाता
काठमाडौं, पुस १

बैंक तथा वित्तीय संस्थाहरूको सञ्चालन खर्च बढेको छ । नेपाल राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्षको कात्तिक मसान्तको तुलनामा चालू आर्थिक वर्षको कात्तिक मसान्तमा बैंकहरूको सञ्चालन खर्च दुई अर्ब २६ करोड ३० लाख रूपैयाँ बढेको छ ।

गत कात्तिक मसान्तसम्म कर्मचारीको तलबभत्ता र कार्यालय व्यवस्थापन शीर्षकमा बैंक तथा वित्तीय संस्थाले ३५ अर्ब ३९ करोड ४० लाख रूपैयाँ खर्च गरेका छन् । कर्मचारीहरूको पारिश्रमिकमा २१ अर्ब ६४ करोड ६० लाख र कार्यालय व्यवस्थापनमा १३ अर्ब ७४ करोड ८० लाख रूपैयाँ खर्च भएको छ ।

गत आर्थिक वर्षको चार महिनामा बैंक तथा वित्तीय संस्थाको कुल सञ्चालन खर्च ३३ अर्ब १३ करोड १० लाख रूपैयाँ थियो । सोमध्ये कर्मचारीको पारिश्रमिकका लागि २० अर्ब २२ करोड ३० लाख र कार्यालय व्यवस्थापनमा १२ अर्ब ९० करोड ८० लाख रूपैयाँ खर्च गरेका थिए ।

बैंक तथा वित्तीय संस्थाको खर्च (रु. १० लाखमा)

| विवरण | कात्तिक मसान्त | | | | कात्तिक मसान्त | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आर्थिक वर्ष २०८१/८२ | | | | आर्थिक वर्ष २०८०/८१ | | | |
| | वाणिज्य बैंक | विकास बैंक | फाइनान्स | कुल खर्च | वाणिज्य बैंक | विकास बैंक | फाइनान्स | कुल खर्च |
| कर्मचारी | १८९१८ | २१६३ | ५६३ | २१६४६ | १७७२९ | २००६ | ४८९ | २०२२३ |
| कार्यालय | ११९०७ | १४६० | ३८१ | १३७४८ | १११३४ | १४०९ | ३६५ | १२९०८ |
| कुल | ३०८२५ | ३६२३ | ९४४ | ३५३९४ | २८८६३ | ३४१५ | ८५४ | ३३१३१ |




वाणिज्य बैंकहरूले मात्र चालू आर्थिक वर्षको कात्तिक मसान्तसम्म कर्मचारीहरूको तलबभत्तामा १८ अर्ब ९१ करोड ८० लाख रूपैयाँ र कार्यालय व्यवस्थापन शीर्षकमा ११ अर्ब ९० करोड ७० लाख रूपैयाँ समेत गरी कुल ३० अर्ब ८२ करोड ५० लाख रूपैयाँ खर्च गरेका छन् । जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा एक अर्ब ९६ करोड २० लाख रूपैयाँ बढी हो । गत आर्थिक वर्षको सोही अवधिमा वाणिज्य बैंकहरूले कर्मचारीहरूको तलबभत्तामा १७ अर्ब ७२ करोड ९० लाख र कार्यालय व्यवस्थापन शीर्षकमा ११ अर्ब १३ करोड ४० लाख रूपैयाँ समेत गरी कुल २८ अर्ब ८६ करोड ३० लाख रूपैयाँ खर्च गरेका थिए ।

राष्ट्र बैंकका अनुसार विकास बैंकहरूले कात्तिकसम्म कर्मचारीहरूको तलबभत्तामा दुई अर्ब १६ करोड ३० लाख र कार्यालय व्यवस्थापन शीर्षकमा एक अर्ब ४६ करोड रूपैयाँ समेत गरी कुल तीन अर्ब ६२ करोड ३० लाख रूपैयाँ खर्च गरेका छन् । यो खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २० करोड ८० लाख रूपैयाँले बढी हो । गत आर्थिक वर्षको सोही अवधिमा विकास बैंकहरूले कर्मचारीहरूको पारिश्रमिक शीर्षकमा दुई अर्ब छ करोड र कार्यालय व्यवस्थापन शीर्षकमा एक अर्ब ४० करोड ९० लाख रूपैयाँ समेत गरी कुल तीन अर्ब ४१ करोड ५० लाख रूपैयाँ खर्च गरेका थिए ।

फाइनान्स कम्पनीहरूले भने चालू आर्थिक वर्षको साउनदेखि कात्तिकसम्म कर्मचारीहरूको तलबभत्ताको लागि ५६ करोड ३० लाख र कार्यालय व्यवस्थापन शीर्षकमा ३८ करोड १० लाख रूपैयाँ समेत गरी कुल ९४ करोड ४० लाख रूपैयाँ खर्च गरेका छन् । जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा नौ करोड रूपैयाँले बढी हो । गत वर्ष कात्तिकसम्म फाइनान्स कम्पनीहरूले कर्मचारीहरूको तलबभत्ता शीर्षकमा ४८ करोड ९० लाख र कार्यालय व्यवस्थापन शीर्षकमा ३६ करोड ५० लाख रूपैयाँ समेत गरी कुल ८५ करोड ४० लाख रूपैयाँ खर्च गरेका थिए ।

## धितोपत्र बोर्डका अध्यक्ष श्रेष्ठविरुद्ध अख्तियारमा उजुरी
## पाँच अर्बको चलखेलको आरोप

■ आर्थिक संवाददाता
काठमाडौं, पुस १

नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठविरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । श्रेष्ठलाई कानुनविपरीत र आर्थिक चलखेल गरेर सेबोन अध्यक्षमा नियुक्त गरिएकाले कारबाहीको माग गर्दै सोमबार अख्तियारमा उजुरी परेको हो ।

भ्रष्टाचारविरोधी अभियन्ता राजन शर्मा पराजुलीले अख्तियारमा दायर गरेको उजुरीमा सेबोन अध्यक्ष नियुक्ति प्रक्रियामा पाँच अर्बको कमिसन खेल भएको दाबी गरेका छन् । उजुरीपत्रमा नियुक्ति प्रक्रिया पारदर्शी नभएको र योग्यता नपुगेका व्यक्तिलाई अध्यक्ष बनाइएको आरोप लगाइएको छ ।

उजुरीमा प्रमुख राजनीतिक दलका नेताहरु, सरकारका उच्च पदाधिकारी र केही व्यावसायिक समूहहरूबीचको असहज सम्झौतामार्फत श्रेष्ठको नियुक्ति



भएको उल्लेख छ । यो नियुक्ति राजनीतिक दबाब र आर्थिक लेनदेनका कारण विवादित बनेको उजुरीकर्ताले बताएका छन् । राजन शर्मा पराजुलीका अनुसार, सन्तोष नारायण श्रेष्ठको नियुक्ति योग्यता र कानुनी मापदण्डविपरीत छ । साथै, नयाँ स्टक एक्सचेन्जको लाइसेन्स जारी गर्न नियमविपरीत चलखेल भएको पनि उजुरीमा उल्लेख गरिएको छ । उजुरीमा सेबोनजस्तो महत्वपूर्ण संस्थालाई कमजोर बनाउने षड्यन्त्र भइरहेको आरोप लगाइएको छ । यस्तो अनियमितता र भ्रष्टाचारले नेपालको वित्तीय प्रणाली नै जोखिममा पर्ने उजुरीकर्ताको भनाइ छ ।

त्यस्तै पराजुलीले पाँच अर्ब रूपैयाँ कमिसन उठाउन लागेको अरोप लगाएका छन् । नयाँ स्टक एक्सचेन्जका लागि दलाल समूहले तीन अर्ब पुँजी रहने कम्पनीका लागि प्रतिकित्ता तीन सय रूपैयाँदेखि पाँच सय रूपैयाँसम्म उठाएका छन् । यसरी नै अतिरिक्त प्रिमियम रकम उठाएर हिमालयन रि इन्स्योरेन्स कम्पनीको लाइसेन्स लिएको र त्यसमा सेयर प्रिमियमको रकमको हिसाबकिताब नमिलेपछि अहिले शंकर ग्रुप र मुकुन्द तिमिल्सिनाबीचको विवाद सतहमा आइसकेको छ । यसरी तीन अर्ब रूपैयाँको नयाँ स्टक एक्सचेन्ज ७० प्रतिशतले हुनआउने दुई अर्ब १० करोड रूपैयाँ संस्थापकहरूले उठाउने र बाँकी ३० प्रतिशत हिस्सा पब्लिकलाई दिने उजुरीमा उल्लेख छ ।

उजुरीमा अर्थमन्त्रीको भागभण्डाको कारण बोर्ड अध्यक्ष नियुक्तिमा ढिलाइ भएको

➢ बाँकी पृष्ठ २ मा

## रविमाथिको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा

कास्की पुस १ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेमाथिको अनुसन्धान प्रतिवेदन प्रहरीले सरकारी वकिल कार्यालयमा बुझाएको छ । जिल्ला प्रहरी कार्यालय कास्कीले सोमबार सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाएको प्रहरीका प्रवक्ता वसन्तकुमार शर्माले जानकारी दिएका छन् ।

प्रहरीले लामिछानेविरूद्ध साढे २७ करोड रूपैयाँबराबरको बिगो दाबी माग गर्दै प्रतिवेदन बुझाएको हो । लामिछाने र उनकी श्रीमती निकिता पौडेलको खातामा देखिएको रकममध्ये साढे २७ करोड रूपैयाँको स्रोत नखुलेको भन्दै प्रहरीले सम्पत्ति शुद्धीकरणमा माग दाबी गरेको हो । प्रहरीले लामिछानेलाई सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउन सिफारिस गरेको छ ।

प्रतिवेदनमा प्रहरीले सहकारी ठगीमा ६५ जनालाई कसुरदार बनाएको छ । नाम ठेगाना नखुलेका १४ जना छन् । प्रहरीले गोखा मिडियाका पूर्वउपाध्यक्ष छविलाल जोशी र गोर्खा मिडियाका तत्कालीन प्रबन्ध निर्देशक एवं राष्ट्रिय



स्वतन्त्र पार्टी (रास्वपा)का सभापतिसहित अन्य ५१ जनालाई प्रतिवादी बनाएर प्रतिवेदन बुझाएको छ । तीमध्ये ३७ जना फरार रहेका छन् । सहकारी ठगीमा उनीहरूबाट कुल एक अर्ब ५१ करोड ४० लाख १९ हजार एक सय १४ रूपैयाँ बिगो माग गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

अब सरकारी वकिलको कार्यालयले प्रहरीको प्रतिवेदन अध्ययन गरेर कास्की जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ ।

सहकारी ठगीसम्बन्धी मुद्दामा प्रहरीले लामिछानेलाई गत कात्तिक २ गते काठमाडौंबाट प्रक्राउ गरी पोखरा पुऱ्याएको थियो ।

लामिछानेमाथि पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्था, काठमाडौंको स्वर्णलक्ष्मी सहकारी संस्था, चितवनको साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था, वीरगञ्जको सानो पाइला बचत तथा ऋण सहकारी संस्थाको रकम ठगी गरेको आरोपमा प्रहरीले अनुसन्धान गरेको हो । ती सहकारी संस्थाबाट गोर्खा मिडियामा रकम लगेर अपचलन गर्न लामिछानेको संलग्नता देखिएको अरोप छ ।

इ-पेपर हेर्नको लागि

## प्रजातन्त्रका एक अथक योद्धा जो आफैँ थाकेर ढले

■ प्रह्लाद रिजाल

नेपालको प्रजातान्त्रिक आन्दोलनका एक अथक योद्धा पीएल सिंह आफ्नो ८८ वर्षको उमेरमा सोमबार बिहान काठमाडौंको चाक्सीबारीमा सदाका लागि यो संसारबाट बिदा भएका छन् । बहुमुखी प्रतिभाका धनी एवं बहुआयामिक व्यक्तित्वका रूपमा चिनिएका उनको पार्थिव शरीरमा सोमबार नै उनका भाइ इन्द्रलाल सिंहले दागबत्ती दिएका थिए । उनको बिदाइमा विशाल जनसमुदायको उपस्थिति रहेको थियो ।

पीएल सिंह नेपालको प्रजातान्त्रिक आन्दोलनमा स्वतस्फूर्तरूपमा जोडिएका व्यक्तित्व हुन् । विसं २०१७ सालदेखि २०६२/६३ सालसम्मको प्रजातान्त्रिक आन्दोलनमा उनको एक निश्चित मापदण्डका विभिन्न आयामहरु थिए । त्यसअनुकूलको भूमिकामा उनी प्रस्तुत भएका थिए ।

कलकलाउँदो उमेरमा घर परिवार र व्यक्तिगत जीवनको माया मोह त्यागेर प्रजातन्त्र पुनर्स्थापनाको आन्दोलनमा गणेशमान सिंहसँग जोडिन पुगेका उनी त्यसअघि भने विद्यार्थी जीवनमा छुट्टै भूमिका रहेका थिए । तर, २०१७ साल पुस १ गते राजाले प्रजातन्त्रको अपहरण गरेपछि उनी त्यसको पुनर्स्थापनाको लागि गणेशमान सिंहसँग पारिवारिकरूपमा जोडिन पुगेका थिए ।

गणेशमान सिंह र मंगलादेवी सिंहको जेलजीवन तथा निर्वासनका क्रममा उनको घरपरिवारको व्यवस्थापनदेखि जेल तथा निर्वासनको बन्दोबस्त मिलाउनेसम्मको भूमिका उनको थियो । २०२६ सालमा जनमत



संग्रहको घोषणापछि एउटा भूमिकामा रहेका सिंहको जनमत संग्रहको परिणाम घोषणापछि भूमिका फेरियो । उनी प्रजातन्त्रवादी र बामपन्थीहरूलाई एकै ठाउँमा ल्याएर प्रजातन्त्र पुनर्स्थापनाका लागि आन्दोलनको तयारीमा लागे । २०४२ सालमा नेपाली कांग्रेसले आयोजना गरेको सत्याग्रहलाई छलपूर्वक निस्तेज पारिएपछि सिंहको पूर्वयोजना अन्तिम विकल्प बन्न गयो र उनको त्यो योजनालाई सर्वमान्य नेता गणेशमान सिंहले स्वामित्व ग्रहण गरिदिएपछि २०४६ सालको ऐतिहासिक जनआन्दोलनको तयारी भएको थियो र गणेशमानको आह्वानको अझ आन्दोलनलाई नेपाली कांग्रेसले समर्थन गरेपछि बाममोर्चाको समर्थन जुटाउने भूमिका पनि सिंहकै थियो ।

पञ्चायतकालमा नेपालका बिरामी उपचारका लागि दिल्लीको अस्पतालमा भर्ना गराउने भूमिकामा



रहेका सिंह नेपाल आउने विदेशीहरु (खासगरी भारतीयहरु)को लागि सम्पर्कसूत्र नै बनेका थिए । चाक्सीबारीको रेखदेखदेखिको परिस्थितिजन्य यी फरक भूमिका उनका लागि दिनचर्याजस्तै बनेको थियो । नेपाली कांग्रेसको आह्वान, बाममोर्चाको समर्थन तथा गणेशमान सिंहको कमाण्डरसिपमा भएको २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा सिंहको सम्पूर्ण शक्ति र क्षमता झल्किएको थियो । जनआन्दोलनबाट प्रजातन्त्रको पुनर्स्थापना भएपछि उनको भूमिका फेरियो । विकास निर्माणमा उनको पृथक भूमिका देखियो । 'नो प्लानिङ इज प्लानिङ' भन्ने नारा दिएका सिंहले २०४९ सालको स्थानीय निर्वाचनमा काठमाडौं नगरपालिकाको मेयर पदमा चुनाव लडेका थिए । २०४८ सालको आमनिर्वाचनमा काठमाडौंमा बामपन्थीले कब्जा जमाएपछि सर्वमान्य नेता गणेशमान सिंहले स्थानीय निर्वाचनमा 'भोर जुवा' भनेर मेयर पदमा पीएल सिंहको नाम प्रस्ताव गर्नुभएको थियो र त्यसमा सिंहले अत्यधिक मतले विजय प्राप्त गरेपछि काठमाडौं नगरपालिका सिंहकै अवधारणामा महानगरपालिका बन्यो र उनी पहिलो मेयर बनेका थिए । उनकै अवधारणाअनुसार काठमाडौं महानगरपालिकाको वर्तमान संरचना स्वायत्त बनेको थियो । प्रहरी प्रशासन आफ्नै बनाइएको थियो, खोला किनारामा लिंक रोडहरु र ल्यान्ड पुलिङ आयोजनाहरु सञ्चालन भएका थिए । अहिलेको काठमाडौं फेरिएको स्वरूप र आफ्नै सुरक्षा व्यवस्था उनकै योगदान हो भन्दा फरक नपर्ला । त्यति मात्र नभएर आफ्नै आम्दानीका स्रोतहरु सुनिश्चित गरेर आफ्नै सञ्चयसम्मको उनले व्यवस्था गरेका थिए र आफ्नो मौलिक योजनामा

➢ बाँकी पृष्ठ २ मा

## निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

काजिमान बिश्वकर्माको छोरी, सेर बहादुर बिश्वकर्माको पत्नी, मकवानपुर जिल्ला, मनहरी गाउँपालिका वडा नं. ८ स्थायी ठेगाना भई हाल हेटौडा उ.म.पा.वडा.नं.०३ बस्ने, यस बैंकको मनहरी शाखाका खातावाला, सुर्ज माया बिश्वकर्माको मिति २०८०/१२/१६ मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. २४५७०१९३९८२०००१८ मा भएको रकम पाउँ भनी निज खातावालाको छोरा मकवानपुर जिल्ला, हेटौडा उ.म.पा.वडा.नं.०३ बस्ने, रामशरण बिश्वकर्माले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : मनहरी
फोन नं.०५७-४१४०२२/४१४२२२


## धितोपत्र...

बताइएको छ । धितोपत्र बोर्डका अध्यक्ष नियुक्त गर्न तीन जना अर्थमन्त्री डा. प्रकाशशरण महत, वर्षमान पुन र विष्णुप्रसाद पौडेललाई ११ महिना लाग्यो । लामो समयसम्म रोकिनुको कारण हो, भागबण्डा नमिल्नु । यो प्रकरणमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पुत्री गंगा दाहालको समेत सहभागिता रहेको सञ्चार माध्यममा प्रकाशित भएकै थियो । यो प्रकरणको कमिसनको सेटिङ दुबईमा समेत भएको चर्चा छ र पछि केही रकम फिर्ता समेत गरिएको भन्ने उजुरीमा दाबी गरिएको छ ।

पराजुलीले निजी कम्पनीहरूले स्टकमा लगानी गर्न पाउने नियमले मुलुकको अर्थतन्त्रमाथि नियन्त्रण गर्न खोजेको बताएका छन् । 'यसअघिसम्म स्टक एक्चसेन्जले लाइसेन्स पाउँदा सूचीकृत संस्थाहरू (पब्लिक लिमिटेड)ले मात्रै लगानी गर्न पाउने कानुनी व्यवस्था रहेकोमा यही बिचौलिया समूहले निजी कम्पनीहरूले समेत स्टकमा लगानी गर्न पाउने र त्यस्तो लगानीको सीमा एकाघर परिवारकै १५ प्रतिशतसम्म हुन पाउने गरी नेपाल धितोपत्र बोर्ड सम्बद्ध कानुनी प्रक्रिया, नियम तथा आवश्यक कानुनहरु परिवर्तन समेत गराइसकेको पाइन्छ । यसरी अनौपचारिक क्षेत्रमा यति ठूलो पैसा परिचालन हुनुले र देशको पुँजीबजारको तालाचाबीमाथि नेपाल सरकारको नभई सीमित बिचौलियाहरूको कब्जा हुनेगरी अघि बढ्दै गरेको यो प्रक्रिया तत्काल नरोक्ने हो भने समग्र सूचीकृत कम्पनीहरूको गतिविधि तथा पुँजीबजारसम्बन्धी काम कारबाही र भित्री कारोबार एवं त्यसका तथ्याङ्कहरूमाथि पहुँच पुर्‍याई बिचौलिया समूहले देशको अर्थतन्त्रमाथि नै नियन्त्रण गर्न खोजेको आभाष पाइन्छ । तसर्थ सम्मानित आयोगले यो विषयमा तुरून्त छानबिन तथा अनुसन्धान सुरू गर्नुपर्छ', उजुरीमा उल्लेख छ ।

यस प्रकरणका मुख्य योजनाकार तथा बिचौलियाका सम्बन्धमा डडेलधुरा जिल्ला साबिक भद्रपुर गाविस वडा २ अजयमेरू गाउँपालिका भई हाल ललितपुर किरन भवन बसोबास गर्ने नीतिगत भ्रष्टाचारका खेलाडी दिपक भट्ट रहेको दाबी गरिएको छ । उनकै योजनामा कोरोनाको महामारीका बीच हिमालयन रि-इन्स्योरेन्स कम्पनीलाई लाइसेन्स दिएको पाइन्छ । कोरोनाकालमा एक अर्ब २० करोड कमिसनमा हिमालयन रिले लाइसेन्स लिएको समेत अरोप लगाइएको छ । जसका कारण नेपाल सरकारको समेत मूल लगानी रहेको नेपाल रि-इन्स्योरेन्स कम्पनीको क्षेत्राधिकार खुम्च्याएर हिमालयन रिलाई बीमा प्राधिकरणबाटै व्यापार बाडफाँट हुनेगरी विभिन्न समयमा पत्राचारहरु भएका छन् । पराजुलीले उजुरीमार्फत भट्टको योजनामा २०७९ सालको आम निर्वाचनको समय पारेर सातवटा लघु बीमा कम्पनीहरूलाई लाइसेन्स बाँडिएको पाइन्छ । जसमा ४० करोड रूपैयाँ कमिसनको लेनदेन भएको चर्चाले सञ्चार माध्यमहरूमा लामै समय स्थान पाएको बताएका छन् ।

## प्रजातन्त्रका..

दातृ निकायहरूको सहयोग जुटाएर विकास निर्माणलाई गति दिलाएका थिए । अहिलेसम्म त्यसैको निरन्तरता भइरहेको छ । उनीपछि मात्र महानगरका नीति बदलिएका छन् । तर सुशासनका नाममा कुशासन थपिएका होलान् । त्यसबाहेक केही बदलिएको छैन । उनले मेयर हुँदा एक कार्यक्रममा भनेका थिए : 'आई एम किङ अफ स्वीपर' (अर्थात् म सफाइ गर्नेहरूको राजा हुँ) । अंग्रेजीमा एउटा भनाइ छ : The king is dead, long live the king ! सिंहकै सन्दर्भमा 'द किङ अफ स्वीपर इज डेथ, लङ लिभ किङ' भन्नु अत्युक्ति नहोला ।

जीवनको उत्तरार्धमा उनको जीवनभर लागेको 'अस्थिर' भन्ने आरोपको एकैपटक व्यवहारले खण्डन गरेर सबैलाई चकित बनाए । २०५९ साल असोज १९ गते मध्यरातमा तत्कालीन राजा ज्ञानेन्द्रले शेरबहादुर देउवा नेतृत्वको जननिर्वाचित सरकारलाई अपदस्थ गरेपछि सबैले आफ्नो बोली फेर्दै अडानमा बस्न सकेनन् । तर, उनी आफ्नो अडानमा अविचलित रहिरहे त्यो पनि अन्तिमसम्म ।

मेयरको कार्यकाल सकिएपछि उनले दोहोर्‍याउने चाहना राखे पनि पार्टीभित्रका केही व्यक्तिलाई उनको चाहना मन परेन । त्यसपछि उनले चुनावको मिति घोषणा नहुँदैदेखि प्रथम महिला नेतृ मंगलादेवी सिंहलाई बामपन्थी नेता पद्मरत्न तुलाधरले २०४८ सालमा पराजित गरेको क्षेत्रमा चुनावी क्याम्पेन समेत गरेका थिए । त्यही क्षेत्रमा चुनावको टिकट लिएर उनले एकैसाथ पद्मरत्न तुलाधर, पञ्चायतका अन्तिम प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठ र एमालेका डा. भरत प्रधानलाई पराजित गरेर आफ्नो शक्ति देखाएका थिए । विसं २०५६ को निर्वाचनमा त्यसरी चुनाव जितेका सिंह २०५९ मा राजाले सरकार अपदस्थ गर्दा देउवा सरकारका जनसंख्या तथा वातावरण मन्त्री रहेका थिए । त्यो घटनालाई उनले रक्तपातविहीन शाही 'कू'को संज्ञा दिएका थिए । अपस्थ देउवा सरकार पुनर्स्थापनाको मागमा उनी सदैव अडिग रहे । त्यसपछि २०६२-६३ मा दोस्रो जनाआन्दोलन भयो र राजालाई झुक्न बाध्य बनाएर विघटित संसद् पुनर्स्थापाना गरियो । तर, अपदस्थ सरकार पुनर्स्थापित गरिएन । उनी त्यही मागमा अडिग रहे । तर, सबैले पुनर्स्थापित संसद्मा दोहोर्‍याएर शपथग्रहण गरे । उनले शपथग्रहण गरेनन् । प्रजातन्त्रको मूल मुद्दामा पार्टी नेतृत्वसँग त्यहीँबाट गम्भीर मतभेद सुरू भयो र उनी एक्लो वृहस्पति बनिरहे । २०५९ असोज १९ गतेपछि उनले कुनै सरकारी सभा, समारोह सेवा सुविधा र सम्मान ग्रहण गरेनन् । पुनर्स्थापित संसद् नै बहिस्कार गरिदिए । उनी राजनीतिमा अस्थिर पात्रको परिचय लिएर आए । तर, जाँदा अडिग पात्रको परिचय छाडेर गए । सदाका लागि बिदा भएका पीएल दाइलाई भावपूर्ण श्रद्धाञ्जलिसहित सलाम !


## Ratnanagar Municipality
## Office of Municipal Executive
Ratnanagar
Chitwan, Nepal

### Notice for Invitation of Bid

**Date of publication: 2081-09-2 (17th Dec, 2024)**

Ratnanagar Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the costruction of flowing projects under national competition Procedure.

| S N | Name of Project | IFB No: | Estimated Amount without VAT/PS | Bid security amount in NRs. | Bid Document fee amount in NRs. | AAT (NRS) | Bid capacity (NRS) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Shanti kunja Samajik udhami mahila sahakari dudh prasodhan ward 12. | RAT/CHITWAN/ works/NCB/ 22/2081-82 | 2385475.22 | 77000 | 3000 | | | |
| 2 | Construction of Laurighool Tal. | RAT/CHITWAN/ works/NCB/ 23/2081-082 | | 891000 | 5000 | 41259000 | 24438000 | |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website http://www.bolpatra.gov.np/egp or may visit website of **Ratnanagar official website** ( http://www.Ratnanagarmun.gov.np ). The Last date of submission of bid is 16th Jan 2024 (2081-10-3) till 12:00 noon time.

**Chief Administrative Officer**



### Invitation for Bids

## Nepal Energy Foundation, Kupondole-10, Lalitpur

**Phone: 01-5451116 Email: nef@npnef.org**
**Date of publication: December 17, 2024**

**Nepal Energy Foundation (NEF)** invites the following quotations from Manufacturers or Suppliers for the **Jyamire Electrification Project**, at Mohanyal Rural Municipality, Ward No.7, Kailali District, Nepal.

| Contract Id. No. | **NEF/SQ/03/2081-82** | **NEF/NCB/01/2081-82** |
|---|---|---|
| Type of Quotation | Sealed Quotation | NCB Quotation |
| Description of Works | **Design, Fabrication, Supply, and Delivery of a 3 Phase 0.69/11kV, 150 kVA Step-up Transformer** | **Supply and Delivery of 98 Numbers of 11-meter Steel Tubular Pole** |
| Purchase of Quotation Documents | From the office of **Nepal Energy Foundation (NEF)**, Kupondole-10, Lalitpur, upon payment of a non-refundable fee of NPR 1,000 till **31st December 2024** during office hours. | From the office of **Nepal Energy Foundation (NEF)**, Kupondole-10, Lalitpur, upon payment of a non-refundable fee of NPR 3,000 till **16th January 2025** during office hours. |
| Submission of Quotation | Hard copy submission to **Nepal Energy Foundation**, Kupondole-10, Lalitpur before **12:00 hrs on 1st January 2025.** | Hard copy submission to **Nepal Energy Foundation**, Kupondole-10, Lalitpur before 12:00 hrs on **17th January 2025**. |
| Bid Opening | In the presence of Bidders' representatives who choose to attend at **14:00 hrs on 1st January 2025** at the **Nepal Energy Foundation**, Kupondole-10, Lalitpur. | In the presence of Bidders' representatives who choose to attend at **14:00 hrs on 17th January 2025** at the **Nepal Energy Foundation**, Kupondole-10, Lalitpur. |

Note: Bids shall not be received after the stipulated time.



Government of Nepal
Ministry of Urban Development
Kathmandu Valley Development Authority

## District Commissioner's Office, Bhaktapur
Durbar Square, Bhaktapur

### Invitation for Electronic Bid for Road Improvement & Public Land Protection Works

Date of publication: **2081/09/02**

District Commissioner's Office Bhaktapur invites electronic bids from Nepalese eligible bidders for following work under National Competitive Bidding procedures. The Bidders are requested to visit the PPMO website (www.bolpatra.gov.np/egp ) for further information and a complete set of Bidding Documents with detail information.

| Contract ID no: | Contract Name | Bid Security amount (Nrs) | Bid Fee (Nrs) | Estimate Cost (Without VAT& Contingencies) | Final Bid Submission Date and Time | Remarks |
|---|---|---|---|---|---|---|
| **KVDA/BKT/NCB/ WORKS/081/82-14** | Construction of Stone Masonry Wall and foothpath for park development works at Bhaktapur-01, Chonga Ganesh & Changunarayan-08 Kalpeshor Mahadev Mandir Parisar | 645000 | 5000 | | 12:00 noon, 2081/10/03 | Single stage Double envelope |
| **KVDA/BKT/SQ/ WORKS/081/82-01** | Construction of Rigid Pavement & other associated Works at Suryabinayak-02 | 43000 | 1000 | 1722069.22 | 12:00 noon, 2081/09/17 | Sealed Quotation ( Re-Bid) |

The account details for the bid fee collection are as follows:

**Name of the Bank:** Nepal Bank Ltd. Bhaktapur
**Name of Office:** KVDA, District Commissioner's Office, Bhaktapur
**Office Code no:** 347713301
**Office Account no:** 00101000000001001001
**Rajaswa (revenue) Shirshak no.:** 14229

**District Commissioner**



Nepal Gov. Reg.: 1299/064/065
**चन्द्र विनायक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
चाबहिल-७, काठमाण्डौ, फोन: ४४६२२०९
**Chandra Binayak Saving & Credit Co-operative Limited.**
Chabahil-7, Kathmandu, Nepal
CBSCCL

## आ.ब ०८०/०८१ को सत्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको ०८१ मंसिर १९ गते बुधबार बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको आ.ब. ०८०/०८१ को सत्रौं वार्षिक साधारण सभाको बैठक निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल गर्न बस्ने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई उक्त समय र स्थानमा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा बस्ने मिति:**– २०८१ पौष २० गते शनिबार (तदनुसार ४ जनवरी २०२५ )
**समय:** बिहान ११:०० बजे
**स्थान:** संस्थाको कार्यालय चाबहिल ७ काठमाडौं
**सभामा छलफल गर्ने तथा निर्णय गर्ने विषयहरु:**–

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात र सोही मितिमा समाप्त आ.ब २०८०/०८१ को नाफा नोक्सानको सम्बन्धमा छलफल गरी सो प्रतिवेदन पारित गर्ने र उक्त आ.ब. को मुनाफाबाट दिने लाभांस स्वीकृत गर्ने ।
३. आ.ब. ०८१/०८२ को लागि लेखा परिक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४. संस्थाको सत्रौं वार्षिक साधारणसभाको निर्णय पुस्तीकामा शेयर सदस्य महानुभावहरूबाट हस्ताक्षर गर्ने प्रतिनिधी चयन गर्ने सम्बन्धमा ।
५. आ.ब. ०८१/८२ को अनुमानित आय व्ययको बजेट पारित गर्ने
६. संचालक समितिबाट विभिन्न मितिमा भए गरेका निर्णयहरूको समर्थन गर्ने सम्बन्धमा
७. विविध

**आज्ञाले**
**(श्रीराम अर्याल)**
**सचिव, संचालक समिति**


## 'वैदेशिक लगानीको सुरक्षाका लागि नेपाल सरकार प्रतिबद्ध छ'

काठमाडौं, पुस १ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले नेपालमा गरिएको वैदेशिक लगानीको सुरक्षाका लागि नेपाल सरकार प्रतिबद्ध रहेको बताएका छन् । पाँचदिने औपचारिक भ्रमणका लागि दक्षिण कोरियामा रहेका मन्त्री भण्डारीले नेपाल र गणतन्त्र कोरियाबीच कूटनीतिक सम्बन्ध विस्तारको ५० वर्ष पुगेको अवसरमा बुसान चेम्बर अफ कमर्सको सहयोग एवं कोरियास्थित नेपाली दूतावास कोरिया र कोरिया नेपाल इन्टरनेसनल एक्सचेन्ज एसोसिएसनको आयोजनामा आज आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै यस्तो बताएका हुन् ।

'वैदेशिक लगानीको सुरक्षाका लागि नेपाल सरकार प्रतिबद्ध छ । ढुक्कका साथ लगानी गर्न कोरियन लगानीकर्तालाई म आग्रह गर्दछु', मन्त्री भण्डारीले भने । उनले कोरियाले अपर त्रिशूलीमा गरेको लगानीले यस क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुगेको भन्दै प्रशंसा गरेका थिए ।

कोरियाको पुँजी र प्रविधि नेपाल भित्र्याउन चाहेको र आगामी दिनमा नेपाल र कोरियाबीचको आपसी सम्बन्ध थप उचाइमा पुर्‍याउनुपर्ने बताउँदै मन्त्री भण्डारीले नेपालको उद्योग, व्यापार तथा पर्यटन क्षेत्रको विकासमा लगानी गर्न आग्रह गरेको उनका प्रमुख स्वकीय सचिव आनन्द भट्टले जानकारी दिए ।

उनका अनुसार मन्त्री भण्डारीले महत्वपूर्ण व्यापार साझेदारका रूपमा रहेको कोरियाको भौतिक विकास, ज्ञान, सीप र प्रविधिलाई नजिकबाट नियालिरहेको र कोरियामा भइरहेको विकासबाट नेपालीहरूलाई थप लाभान्वित गर्न चाहेको बताएका थिए । नेपालमा युवा जनशक्ति, कच्चापदार्थको उपलब्धता, भौगोलिक विविधताले समेत लगानीको प्रतिफल प्राप्त हुने भएकाले यहाँ लगानी गर्न उनले आग्रह गरे । 'भारत, चीन, बङ्गलादेशलगायत छिमेकी मुलुकको बजारका कारणले समेत नेपाल लगानीको उपयुक्त सम्भावना छ । नेपालमा लगानी गरी व्यवसाय प्रवर्द्धन र थप रोजगारी सिर्जना गर्न कोरियन लगानीकर्ताहरूलाई सरकारका तर्फबाट गर्नुपर्ने सबै किसिमको सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्दछु', मन्त्री भण्डारीको भनाइ थियो ।

यसैगरी उनले नेपाली युवालाई रोजगारी प्रदान गरेकामा ईपीएस कोरिया र कोरिया सरकारलाई धन्यवादसमेत व्यक्त गरेका थिए । भ्रमणका क्रममा कोरिया सरकारका मन्त्रीसँग आफूले व्यापार तथा लगानी सम्झौता गर्न लागेको मन्त्री भण्डारीले बताएको उनका प्रमुख स्वकीय सचिव भट्टले बताए ।


Find us on : facebook/ aarthikdainik



Market Pundit
JOURNEY TOWARDS PROSPERITY

**मार्केट पण्डित क्यापिटल एण्ड मर्चेन्ट बैकिङ्ग लि.**

## सातौं वार्षिक साधारण सभा सम्बन्धि सूचना

मार्केट पण्डित क्यापिटल एण्ड मर्चेन्ट बैकिङ्ग लि.को सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना, यस कम्पनी मार्केट पण्डित क्यापिटल एण्ड मर्चेन्ट बैकिङ्ग लि.को संञ्चालक समितिको मिति २०८१/०८/१७ गते बसेको बैठकको निर्णय अनुसार कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नको लागि कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम सम्पुर्ण आदरणीय शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान :**
**मिति** :- २०८१।०९।२३ गते मंगलवार
**समय** :- दिउँसो १:०० बजे
**स्थान** :- कम्पनीको रजिष्टर्ड कार्यालय, ललितपुर.म.न.पा.वडा नं.- १३, ललितपुर
**छलफलका विषय तथा प्रस्तावहरु :**
(क) **सामान्य प्रस्ताव**
१. संञ्चालक समितिको तर्फ बाट अध्यक्षज्यूको मन्तव्य सहितको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षण प्रतिबेदन सहित २०८१ अषाढ मसान्तको बासलात तथा आ.ब २०८०।०८१ को नाफा, नोक्सान हिसाब र सोहि अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब, लगायत सम्पूर्ण वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन २०७३ को दफा १११ अनुसार आ.ब २०८१।०८२ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संञ्चालक समिति द्वारा प्रस्तावित आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेट पारित गर्ने सम्बन्धमा ।
(ख) **विशेष प्रस्ताव**
१. सञ्चालक समितिमा रहेको रिक्त सञ्चालक पद (२) र स्वतन्त्र सञ्चालक (१) मा नियुक्त गर्ने सम्बन्धमा ।
(ग) **विविध**

**संञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**
**मार्केट पण्डित क्यापिटल एण्ड मर्चेन्ट बैकिङ्ग लि.**

थप जानकारीको लागि कम्पनीको कार्यालय जावलाखेल, ललितपुरमा सम्पर्क राख्नुहोला । धन्यवाद

# सीएनआईवाईईएफको पहिलो राष्ट्रिय नेतृत्व सम्मेलन 'सिनर्जी'

आर्थिक संवाददाता
काठमाडौं, पुस १



नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्च (सीएनआईवाईईएफ)ले पहिलो राष्ट्रिय नेतृत्व सम्मेलन 'सिनर्जी' सम्पन्न गरेको छ । सम्मेलनमा नेतृत्व र नीतिगत बहसका माध्यमबाट युवा उद्यमीहरूलाई दिगो आर्थिक विकासमा अघि बढाउने प्रतिबद्धता गरिएको छ ।

सुदृढ नेतृत्व र नीतिगत बहसमा नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश कुमार अग्रवालले नेपालको बदलिँदो व्यावसायिक परिवेशलाई सहज बनाउन कुशल नेतृत्व आवश्यक रहेको बताए । उनले युवा उद्यमीहरूको नवप्रवर्तनशील सोँच र दृढताले देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताए । मुलुकमा उद्यमीहरूका लागि धेरै अवसर रहेको भन्दै उनले त्यसको पहिचान गरी अगाडि बढ्न युवा उद्यमीहरूलाई सुझाव दिए । स्पष्ट दृष्टिकोण र योजनाका साथ अगाडि बढ्दा व्यावसायिक जीवनमा सफलता हासिल हुने उनले बताए ।

परिसंघका निवर्तमान अध्यक्ष विष्णुकुमार अग्रवालले व्यावसायिक एवं संस्थाको नेतृत्व गर्ने क्रममा विभिन्न चुनौतीहरूको सामना गर्नुपर्ने अनुभव सुनाउँदै सफल हुन दृढतापूर्वक आफ्नो लक्ष्यमा केन्द्रित हुनुपर्नेमा जोड दिए । विद्यमान अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा रहे पनि उद्यमीका लागि देशभित्र राम्रो अवसर रहेको उनले बताए ।

# राजधानीमा सिन्धुलीको जुनार मेला

आर्थिक संवाददाता
काठमाडौं, पुस १

राजधानीमा सिन्धुलीको जुनार मेला आयोजना गरिएको छ । अमिलो प्रजातिको जुनारको स्वाद र परिकार चखाउने उद्देश्यले साताव्यापीरूपमा जुनार मेलाको आयोजना गरिएको हो ।

ग्रिन ग्रोथ ग्रुप, स्टोरी साइकल, स्मार्ट एग्रिकल्चर र रैथानेले संयुक्त आयोजनामा कुपण्डोलस्थित रैथाने रेस्टुरेन्ट र ललितपुरका हाटहरूमा जुनार मेला सञ्चालन गरिएको छ । मेलामा जुनार जुस, केक, आइसक्रिम, जुनार सलाद, क्रेप सुजेट, फ्रेस जुनारको जुस, हट जुनार जुस, हट जुनार जुसको साथमा रम र स्थानीय जौको रक्सीसँग जुनार जेस्टको फ्रेस स्वादजस्ता परिकार राखिएको ग्रिन ग्रोथले जनाएको छ । रैथाने रेस्टुरेन्टमा जुनारका परिकार चाख्न ललितपुरको साझा सहकारीमा शुक्रबार र शनिबार, धोबीहाटमा आइतबार र भनिमण्डलमा मंगलबार हुने हाटमा जुनार किन्न पाइने छ ।

ग्रिनग्रोथका सञ्चालक निस्चल पोखरेलका अनुसार पहिलो कुरो त जुनार कस्तो खालको फल हो भनेर उपभोक्तालाई चिनाउन नै पर्ने अवस्था छ । प्रायःले नुन खुर्सानीमा साँधेर या जुस बनाएर जुनार खाने गरिए पनि जुनारबाट अन्य परिकार के-के बनाउन सकिन्छ भन्ने जानकारी दिनका लागि समेत जुनार मेला गरिएको उनले बताए । स्टोरी साइकलका सञ्चालक दिपीका झवालीका अनुसार उपभोक्ताले जुनारको उत्पादनदेखि बजारसम्मको यात्रा विवरण क्युआर कोडबाट ट्रयाक गरेर हेर्न सक्छ । हाम्रो करेसा मोबाइल एपबाट यो क्युआर कोड स्क्यान गरेपछि उपभोक्ताले किन्दै गरेको जुनार कहाँको हो भन्ने जानकारी पाउँछन् । खरिद गरेको जुनारमा कहिले मल हालेको, कहिले टिपेको, कति दूरी पार गरेर ल्याइएको हो ? जस्ता विवरण समेत उपभोक्ताले पाउने उनले बताइन् । यसमा जुनार उत्पादक कृषकको बारेमा जानकारी समेत राखिएको हुन्छ । यस पटक सिन्धुलीको गोलञ्जोर गाउँपालिकाको तिनकन्या बगैँचाको जुनारको ब्रान्डिङ गरिएको हो ।

## सिद्धलेक गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
### बुङचुङ, धादिङ
### बागमति प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८१।०९।०२**

यस कार्यालयको मिति २०८१।०८।२१ मा प्रकाशित सूचनामा दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित ठेक्का नं. का बोलपत्रहरु बोलपत्र मूल्याङ्कन समितिबाट न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रवाहग्राही भई स्वीकृतीका लागि छनौट र सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (०२) बमोजिम सम्बन्धित बोलपत्र दाताहरुको जानकारिको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.न. | ठेक्कानं. | ठेक्काकोनाम | छनोट भएको बोलपत्रदाताको नाम | कबोल रकम मु.अ.कर बाहेक |
|---|---|---|---|---|
| १ | SRM/NCB/W/PBKS/03/081/082 | पिपलटार भाल्डाँडा कृषि सडक | लावङ-कैलाश जे.भि. | १,३७,५३,३०५.८० |

**प्रमुख प्रशासकीय अधिकृत**

## Gurkhas Finance Limited
## गोर्खाज फाईनान्स लिमिटेड

Your Financial Friend

(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था)
चारखालरोड, डिल्लीबजार, पो.ब.नं.-५०९०, काठमाडौं, फोन: ४४३०५२७, फ्याक्स: ४०११५२५
ईमेल: info@gurkhasfinance.com.np, वेभ साइट: www.gurkhasfinance.com.np

**हकदावी सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना**

**प्रकाशित मिति : २०८१/०९/०२ गते मंगलबार (आर्थिक राष्ट्रिय दैनिक)**

यस संस्थाको तपसिलमा उल्लेखित निक्षेपकर्ताहरुको विभिन्न मितिमा निधन भएको हुँदा निज मृतकहरुको नाममा यस संस्थाको देहायमा उल्लेखित शाखा कार्यालयहरुमा रहेको निक्षेप रकम मेरो नाममा दिलाई पाऊँ भनि निम्न लिखित हकदावीकर्ताहरुले वित्तीय संस्था समक्ष निवेदन पेश गरेको हुँदा सो निक्षेप उपर निज निवेदकहरु बाहेक अन्य कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो सबुत प्रमाणको कागजात सहित यस वित्तीय संस्थाको शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा दावी निवेदन पेश गर्नको लागि अनुरोध गरिन्छ। उल्लेखित म्याद भित्र कसैको दावी निवेदन पेश हुन नआएमा निवेदकको माग दावी बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ। म्याद भित्र रितपूर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**

| क्र.सं. | खतावालाको नाम | ठेगाना (नागरिकता अनुसार) | बाबुको नाम | हजुर बुबाको नाम | मृत्यु भएको मिति | हकदावीकर्ताको नाम | नाता | शाखा |
|---|---|---|---|---|---|---|---|---|
| १ | माया स्वरी फियाक | आरुबोटा-९, पाँचथर | रण बहादुर राइ | - | २०८१-०३-२७ | बृन्दा आङबुहाङ | छोरी | बिर्तामोड |
| २ | जय देव दुंगाना | हात्तीकोट-९, अछाम | लछीराम दुंगाना | सन्यासी दुंगाना | २०८०-०२-०१ | देउमती देवी दुंगाना | श्रीमती | चौमाला |
| ३ | राम बहादुर माली | धुम्बहाल-९, ललितपुर | सिद्धि लाल माली | सिंहवीर माली | २०७८-०६-११ | बिश्वेस बहादुर माली | छोरा | डिल्लीबजार |
| ४ | शम्सेर बहादुर सार्की | नमोबुद्ध-१०, काभ्रे | धने सार्की | भुसे सार्की | २०८१-०६-३० | नवराज सार्की बिसुन्के | छोरा | जनागल |



Economic National Daily आर्थिक राष्ट्रिय दैनिक

## सम्पादकीय

# प्रयोगमा आएनन् छिमेकीका अनुदान

संसारबाटै दुर्लभ बन्दै गएको वैदेशिक सहयोगमा प्राप्त हुने अनुदानलाई देशले प्रयोग गर्न नै सकेन । त्यसको सबैभन्दा पछिल्लो उदाहरण दुई छिमेकी देश चीन र भारतबाट प्राप्त भएको खर्बमा नै हिसाब हुने अनुदान रकमको उपयोग गर्न नसकिएको अवस्थालाई मात्रै हेरे पुग्छ । हालमात्रै प्रधानमन्त्रीको एउटा छिमेकी देश चीनको भ्रमण सम्पन्न भएको छ । त्या भ्रमणको अघिपछि उक्तदेशबाट लिने सहयोगमा प्राप्त हुने रकमको प्रकारका बारेमा धेरै बहस भयो । यसमा ऋण लिने कि अनुदान भन्ने विषय थियो । सत्ता साझेदारी एउटा दल ऋण नलिने पक्षमा उत्रियो । अनुदानचाहिँ जतिभए पनि हुने उसको मान्यता थियो । चीनले बीआरआईअन्तर्गत ऋण दिन खोजेको भनेर विषयहरु बाहिर आए । अवस्था कतिसम्म चर्कियो भने दुई ठूला दलको सरकार नै ढल्नेसम्मको स्थिति बनेका थियो । पछि प्रधानमन्त्रीले नै ऋण नलिने भनेर सार्वजनिक मन्तव्य नै दिन पर्‍यो । यो भ्रमणमा नेपालले नौ अर्ब हाराहारीको अनुदान पाएका थियो । यसअघि उक्त देशले दिएको झण्डै खर्बको हाराहारीमा दिएका अनुदान प्रयोग गर्न नसकिएको अवस्थाले यो सहयोग पनि के होला भन्ने प्रश्नको घेरामा परेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओली मंसिरको मध्यमा चीन भ्रमणमा गएका बेला चिनियाँ राष्ट्रपति सी चिनफिङले नेपाललाई पाँच सय मिलियन आरएमबी (५० करोड युआन) अनुदान दिने भनी गरेको घोषणाले चीनबाट मात्रै प्राप्त भएको यस्तो अनुदानको रकमको अंक खर्बबाट उकालो लागेको हुनुपर्छ भन्ने जानकारहरूको बुझाइ छ । करिब पाँच वर्षअघि राष्ट्रपति विद्यादेवी भण्डारीको चीन भ्रमण सम्पन्न भएको थियो । त्यसमा एक अर्ब आरएमबी अर्थात् साढे १८ अर्बको अनुदान दिने घोषणा भएको थियो । यसकै छेउछाउमा चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमण भएको थियो । नेपाल भ्रमणमा आउँदा तीन दशमलव पाँच बिलियन आरएमबी अर्थात् अहिलेको मूल्यमा ६५ अर्ब ४० करोड अनुदानको घोषणा भयो । यस्ता ठूलासाना रकम जोडिँदैजाँदा चीनबाट मात्रै खर्बको हाराहारीमा अनुदान रकम प्राप्त भएको । छिमेकी देश भारतसँग पनि त्यस्तै देखिन्छ । भारतीय प्रधानमन्त्रीले नेपाल भ्रमणमा रहँदा ठूलो धनराशीको अनुदान दिने घोषणा गरे । भारतबाट प्रत्येक वर्ष बाह्र पन्ध्र अर्ब भारतीय रूपैयाँको त बजेटमा नै अनुदान दिने भनेर घोषणा भइरहेका पाइन्छ । जुनसुकै वर्षको भारतीय बजेट हेर्दा हुन्छ । यतिबेला नेपालका प्रधानमन्त्री अर्को छिमेकी भारतको भ्रमणमा जाने तयारी चलिरहेको भन्ने समाचारहरु आइरहेका छन् । यस्तो भ्रमण भयो भने यस्तो सहयोगमा केहीनकेही अंक थपिन्छ नै । त्यस्तो सहयोगले नै भ्रमण सफल असफल भन्ने मूल्याङ्कन हुने त परम्पराजस्तै बनिसकेको अवस्था छ ।

यी दुई मुलुकबाहेक नेपालले अनुदानको रकम प्राप्तगर्ने क्रम घट्दो छ । कुल गार्हस्थ उत्पादनमा आर्थिक अनुदानको भाग हेर्दा त्यस्तै देखिन्छ । जस्तो, कुल गार्हस्थ उत्पादनमा आर्थिक वर्ष २०७९/८० मा दुई दशमलव सात प्रतिशत, आर्थिक वर्ष ०७८/०७९ मा तीन दशमलव दुई प्रतिशत र आर्थिक वर्ष ०७७/०७८ मा तीन दशमलव छ प्रतिशत रहेकामा अनुदानको हिस्सा शून्य दशमलव चारदेखि शून्य दशमलव छ प्रतिशत मात्रै रहेको विवरणहरूले बताउँछन् । यस्तो दुर्लभ हुँदै गएको वैदेशिक सहयोगमा अनुदानमा दुई छिमेकी देशले भने माया गरेका मान्नुपर्छ । तर सरकारले यी सहयोगहरु प्रयोग गर्न नै सकेको छैन । आधा-एक दशकमा घोषणा भएका अनुदानकार्ता अंक कहाँ खर्च भयो भन्ने केही अपवादबाहेक सरकारसँग रेकर्ड नभएको विज्ञहरूको बुझाइ छ । कतिपय अवस्थामा त अनुदान घोषणा भएका ती सहयोगले औपचारिक रूप नै पाउँदैनन् । लिनेले खोजतलास नगरेपछि दिनेले आफैँ खोज्दै आउने कुरा पनि भएन । अब त्यस्तो नहोस् ।

# पन्ध्रौँ दक्षिण एसियाली आर्थिक सम्मेलनको निष्कर्ष



डा. केशव देवकोटा

> जहाँ क्षेत्रीय आर्थिक एकीकरणका लागि पछिल्लो दशकमा ठोस प्रगति नभएको भन्ने कुराहरू पनि उठेका थिए ।

काठमाडौंमा गत साता १५ औँ दक्षिण एसियाली आर्थिक सम्मेलन सम्पन्न भएको छ । दक्षिण एसियाली मुलुकहरु नेपाल, भारत, बंगलादेश, भुटान, माल्दिभ्स, पाकिस्तान र श्रीलंकासहित सात राष्ट्रका प्रतिनिधि तथा प्रख्यात अर्थशास्त्री, नीतिनिर्माता तथा नागरिक समाजका अगुवाहरु समेत सम्मिलित उक्त सम्मेलनमा 'दक्षिण एसियामा समतामूलक हरित रूपान्तरणको उजागर' मूल विषयवस्तुमा केन्द्रित रहेर नीतिगत छलफलहरु भएका थिए । नेपालमा साउथ एसिया वाच अन ट्रेड इकोनोमिक्स एन्ड एन्भायरोमेन्ट (सावती), बंगलादेशमा सेन्टर फर पोलीसी डायलग, भारतमा रिसर्च एन्ड इन्फरमेसन सिष्टम फर डेभलपिङ कन्ट्रिज, पाकिस्तानमा सस्टेनेबल डेभलपममेन्ट पोलिसी इन्स्टिच्युट र श्रीलंकामा इन्स्टिच्युट अफ पोलिसी डायलगले पालैपालो यस्तो सम्मेलन आयोजना गर्दै आएको पाइएको छ । काठमाडौंमा तीन दिनसम्म चलेको उक्त सम्मेलनले हरित वित्त विकसित मुलुक र दातृ निकायको आश्वासनमा मात्रै सीमित भएको निष्कर्ष निकालेको थियो । जुन निष्कर्ष यस क्षेत्रका नेपाललगायतका मुलुकहरूका लागि धेरै महत्वपूर्ण मान्नुपर्छ । सहभागीहरूले उक्त सम्मेलनभर 'अनलिसिङ एन इक्विटेबल ग्रिन ट्रान्सफर्मेसन इन साउथ एसिया (दक्षिण एसियामा समतामूलक हरितरूपान्तरणको उजागर) भन्ने मूल विषयवस्तुमा केन्द्रित रहेर छलफल गरेका थिए । आयोजक साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भोयरोमेन्ट (सावती)ले दक्षिण एसियामा दिगो र समावेशी विकास अघि बढाउन सम्मेलन फलदायी भएको जनाएको छ । दक्षिण एसियाली मुलुकहरूले जलवायु परिवर्तनका जोखिमहरूसँग सामना गर्नका लागि हरित वित्तको न्यूनताको सामना गरिरहेको सम्मेलनको मूल निष्कर्ष हो । सम्मेलनको निष्कर्षमा औद्योगिक र व्यापार नीतिसँग जलवायु प्रतिकार्यको सामञ्जस्यता तथा बढ्दो भूराजनीतिक द्वन्द्वका साथै जलवायु परिवर्तनका कारण सिर्जित असमानताका बारेमा सरोकार राख्छन् र यस क्षेत्रमा समतामूलक हरित रूपान्तरण उजागर गर्न सकिनेमा विश्वस्त छन् भन्ने पनि रहेको छ । सम्मेलनका महत्वपूर्ण सत्रहरूमा जलवायु परिवर्तनका असरसँग जुध्नका लागि हरित वित्त अत्यावश्यक रहेको र यो दलित, महिला तथा आदिवासी समेतका लागि समतामूलक हुनुपर्नेमा जोड दिइएको थियो । कतिपय सहभागीहरूले अत्यावश्यक ठाउँमा हरित वित्त पुग्न नसकेको प्रसंग पनि उठाएको देखिन्थ्यो ।

विश्व व्यापारको दिगो मापदण्ड, औद्योगिक नीतिमा पुनरावलोकन तथा दिगोपनामा आधारित मापदण्ड तयार गर्नुपर्नेमा अधिकांश वक्ताहरूको जोड थियो । सम्मेलनको समापन सत्रलाई सम्बोधन गर्दा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले दक्षिण एसियामा जलवायु परिवर्तनजन्य जोखिमहरु बढ्दैगएको र यसले क्षति र असमानता बढाउँदै लगेको टिप्पणी गर्नुभएको थियो । उहाँले साना तथा मझौला उद्यमको हरित रूपान्तरणतर्फको संक्रमण र ठूला हरित पूर्वाधार विकासको आवश्यकतालाई समेत औँल्याउनु भएको थियो । नेपालले जलविद्युत् ऊर्जाका क्षेत्रमा उत्साहपूर्ण काम गरेको बताउँदै उहाँले सम्मेलनमा सहभागीहरूलाई ऊर्जालगायत हरित क्षेत्रमा वित्तीय क्षेत्रको लगानी परिचालनका लागि ग्रिन ट्याक्सोनोमी जारी गरिसकेको जानकारी पनि दिनुभएको थियो । सम्मेलनको उद्घाटनका क्रममा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले क्षेत्रीय चुनौतीहरूलाई संवाद सहकार्य र कार्यमूलक उपायहरुद्वारा समाधान खोजिने बताउनुभएको थियो । त्यसैगरी बंगलादेशको वातावरण वन तथा जलवायु परिवर्तन मन्त्री सेयदा रिजवान हसनको भनाइमा क्षेत्रीय ग्रिड स्थापनामार्फत जलविद्युत् व्यापारलाई सहजीकरणगरी हरित रुपान्तरण गर्न सकिन्छ भन्ने रहेको थियो । सस्टेनेबल डेभलपमेन्ट पोलिसी इन्स्टिच्युट पाकिस्तानका कार्यकारी निर्देशक अविद कुयम सुलेरीले भने दक्षिण एसियाली आर्थिक सम्मेलन नीतिगत विषयहरूमा छलफल गर्न महत्वपूर्ण मञ्च रहेको बताउनुभएको थियो । विशेष मन्तव्य राख्दै सेन्टर फर पोलिसी डायलग बंगलादेशका अध्यक्ष डा रेहमान सोभानले आर्थिक एकताको मुख्य पक्ष मुख्य शृङ्खला विस्तारमा दक्षिण एसियाली मुलुकहरूले काम गर्न नसकेकाकै कारण क्षेत्रीय आर्थिक संयोजन कमजोर भएको बताउनुभएको थियो । उहाँको भनाइको निचोड दक्षिण एसियाली मुलुकहरूमा आर्थिक एकीकरणका पहलहरु अत्यन्त सुस्त भएको भन्ने थियो । हरित मूल्य शृङ्खला पनि यसअघि नै निर्माण भएका शृङ्खलाहरूकै हिस्सा भएको भन्दै डा रेहमानले यसलाई नेतृत्व गर्ने संस्थाको अभाव रहेको विषय पनि औँल्याउनुभएको थियो । सम्मेलनमा दक्षिण एसियाका मुलुकहरूले आफ्ना व्यापार नीतिहरूमा पुनर्विचार गर्न आवश्यक रहेको कुरा बढी मात्रामा उठेको पाइएको छ । वक्ताहरूले कमजोर क्षेत्रहरूको संरक्षण गर्दै हरित र समावेशी विकासलाई प्रोत्साहन गर्नुपर्नेमा पनि जोड दिएको पाइएको थियो । जहाँ क्षेत्रीय आर्थिक एकीकरणका लागि पछिल्लो दशकमा ठोस प्रगति नभएको भन्ने कुराहरु पनि उठेका थिए । सम्मेलनमा नेपालजस्ता साना अर्थतन्त्रहरूको स्थानीय उद्योगहरूको संरक्षण र प्रवर्द्धन गर्न गाह्रो परेको र छिमेकी देशका स्थापित क्षेत्रहरूसँग प्रतिस्पर्धा गर्नुपरेको लगायतका चर्चाहरु पनि भएका थिए । उक्त सम्मेलनमा १६ सत्रहरु सञ्चालन भएका थिए । यस्तो सम्मेलन सन् २००८ देखि आयोजना गर्न सुरु गरिएको हो । जसलाई दक्षिण एसियामा रहेका विकासका चुनौतीहरूका विषयमा छलफल गर्ने मञ्चका रूपमा हेर्ने गरिएको छ ।


दक्षिण एसियाली देशहरूमा वार्षिकरूपमा पालैपालो आयोजना गरिने सो सम्मेलनले दक्षिण एसियाभित्र र बाहिरका चर्चित अर्थशास्त्रीहरु, नीतिनिर्माता तथा नागरिक समाजका अगुवाहरूलाई जमघट गराउँदै पनि आएको छ । खासमा सन् १९८० मा दक्षिण एसियाली सहयोग संगठन (सार्क)को स्थापना नै यस क्षेत्रका देशहरूका बीचमा आपसी सहयोग अभिवृद्धिका लागि भएको थियो । बंगलादेशका तत्कालीन राष्ट्रपति जियाउर रहमानको विशेष पहलमा दक्षिण एसियाली देशहरूमा विकसित भएको क्षेत्रीय एकताको भावनालाई अगाडि बढाउन सार्क संगठनको स्थापना गरिएको थियो । बंगलादेशको ढाकामा सन् १९८५ को डिसेम्बर ७-८ मा प्रथम शिखर सम्मेलनको आयोजना गरी औपचारिकरूपमा सार्कको बडापत्रमा हस्ताक्षर भएको थियो । सार्कको बडापत्रअनुसार यसका उद्देश्यहरूमा दक्षिण एसियाको आर्थिक वृद्धि, सामाजिक प्रगति तथा सांस्कृतिक विकासमा तीव्रता ल्याउनु र सबै मानिसलाई स्वाभिमान साथ रहने र उनीहरूलाई आफ्नो पूर्णक्षमताको महसुस गराउने अवसर प्रदान गर्नु, दक्षिण एसियालीका देशहरूका बीचमा सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि र सुदृढ गर्नु, आपसी विश्वास, एकअर्काका समस्याहरूप्रति समझदारी बढाउनु, आर्थिक, सांस्कृतिक, प्राविधिक, सामाजिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहयोग र आपसी सहायता प्रवर्द्धन गर्नु, अन्य विकासोन्मुख देशहरूसँगको सहयोगलाई मजबुत तुल्याउनु, आपसी साझा हितका मामिलामा अन्तर्राष्ट्रिय मञ्चहरु सहयोग सुदृढ गर्नु, समान लक्ष्य र उद्देश्य भएका अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनहरूलाई सहयोग पुऱ्याउनु, दक्षिण एसियाका जनताको हित अभिवृद्धि तथा जीवनस्तर सुधार गर्ने, यस क्षेत्रको आर्थिक वृद्धि, सामाजिक उन्नति तथा सांस्कृतिक विकासलाई अभिवृद्धि गर्ने, दक्षिण एसियाका राष्ट्रहरूबीचको सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि र सम्वृद्धि गर्ने, एकापसको समस्याप्रति पारस्परिक विश्वास र समझदारी राख्दै योगदान दिने र आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहभागिता र पारस्परिक सहयोगको अभिवृद्धि गर्ने रहेका थिए । त्यसैगरी सार्कका सिद्धान्तहरूमा संगठनको ढाँचाभित्र गरिने सहयोग एकअर्काको सार्वभौम समानता क्षेत्रीय अखण्डता राजनीतिक स्वतन्त्रता एकअर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने तथा आपसी हितमा आधारित हुनेछ । यस्तो सहयोग दुईपक्षीय तथा बहुपक्षीय सहयोगको बदलामा नभई त्यसको पुरकको रूपमा हुनेछ । यस्तो सहयोग दुईपक्षीय तथा बहुपक्षीय दायित्वविपरीत हुने छैन भनिएको छ । तर पछिल्लो समयमा खासगरी भारतको अवरोधका कारण सार्क संगठन नै राम्ररी चल्न सकिरहेको छैन । जसले गर्दा यस मातहतका अन्य संघसंगठनहरूमा पनि सुस्तता आएको देखिएको छ । हालै काठमाडौंमा भएको दक्षिण एसियाली आर्थिक सम्मेलनले पनि क्षेत्रीय सहमति र सहयोगमै जोड दिएको छ ।

यसका आधारमा पनि सार्क संगठनलाई पूर्ववतरूपमा क्रियाशील गराउनुपर्ने भएको छ । यस पटकको दक्षिण एसियाली आर्थिक सम्मेलनले यस क्षेत्रका मुलुकहरूले जलवायु परिवर्तनका जोखिमहरु, जोखिमसँग सामना गर्नका लागि हरित वित्तको न्यूनता तथा औद्योगिक र व्यापार नीतिसँग जलवायु प्रतिकार्यको सामञ्जस्यता तथा बढ्दो भूराजनीतिक द्वन्दका साथै जलवायु परिवर्तनका कारण सिर्जित असमानताका बारेमा जुन खालका विभिन्न प्रसंगहरु उठाएको छ, त्यसका बारेमा सबै राष्ट्रले आ-आफ्नो ढंगले छलफल चलाएर निचोड निकाल्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ । सम्मेलनको दोस्रो पूर्णसत्रमा भएको क्लाइमेट एक्सनको युगमा व्यापार र औद्योगिक नीतिका विषयको छलफल धेरै महत्वपूर्ण रहेको थियो । जसमा साउथ-नर्थ को-अपरेसनसहित सहयोगी र प्रभावकारी राष्ट्रिय नीतिले हरित औद्योगीकरणमार्फत दक्षिण एसियाली मुलुकहरूको समृद्धिको आकांक्षा पूरा गर्ने धारणाहरु व्यक्त भएका थिए । सम्मेलनको तेस्रो पूर्णसत्रमा जलवायु परिवर्तनका असरसँग जुझ्नका लागि हरित वित्त अत्यावश्यक रहेकोमा जुन जोड दिइएको थियो, त्यो प्रसंग पनि धेरै महत्वपूर्ण रहेको छ । जसमा हरित वित्तको उपलब्धता पहुँच, सामर्थ्य, बहनयोग्यता, प्रयोक्तालगायतमा केन्द्रित रहेर समीक्षा गरिएको थियो । हरित वित्त अहिलेसम्म विकसित देश र दातृ निकायको आश्वासनमा मात्र सीमित भएको उक्त सत्रको निष्कर्ष थियो । त्यसैगरी विश्व व्यापारका दिगो मापदण्ड, औद्योगिक नीतिमा पुनरावलोकन तथा दिगोपनामा आधारित मापदण्ड तयार गर्नुपर्नेमा पनि वक्ताहरूको जोड थियो । ऊर्जासम्बन्धी सत्रमा दक्षिण एसिया क्षेत्रमा हरित ऊर्जा क्षेत्रमा भइरहेको रूपान्तरणका बाबजुत दक्षिण एसिया क्षेत्र अझै पनि जीवाष्म इन्धनमा निर्भर रहेको सन्दर्भमा हरित ऊर्जाको विस्तारमा राजनीतिक, वित्तीय तथा पूर्वाधारको अवरोधलाई हटाउँदै जानुपर्ने सम्बन्धमा पनि छलफलहरु भएका थिए । दक्षिण एसियामा वातावरणीय वस्तु र सेवाको व्यापारमा वृद्धि भइरहेको र हरित प्रविधि अवलम्बनलाई प्रोत्साहित गरिरहेको प्रसंग पनि उठेको थियो । बहुपक्षीय र क्षेत्रीय संयन्त्रहरूले मागको तुलनामा वातावरणीय प्रविधिलाई विस्तार गर्ने वातावरण निर्माण गर्न असफल भएको विज्ञहरूको धारणा थियो । जलवायु परिवर्तनका कारण अन्य क्षेत्रजस्तै कृषि तथा पर्यटनमा प्रत्यक्ष प्रभाव परेको मूल्याङ्कन पनि गरिएको थियो । सम्मेलनमा हिमालदेखि समुद्री सतहसम्मका देशहरूलाई समेत जलवायु परिवर्तनले उत्तिकै प्रभावित पारिरहेको छ ।

त्यस्तै, साना तथा मझौला उद्यम अनौपचारिकता, तयारीको अभाव तथा स्रोतमा सीमित पहुँचका कारण कठिनाइ व्यहोरिरहेका छन् । त्यस्ता उद्यमहरूको औपचारिकीकरण, स्थायित्व र उत्थानशीलता विकासका लागि एकीकृत रणनीतिक योजना तथा विपद् व्यवस्थापनले आर्थिक वृद्धिमा योगदान गर्नेलगायतका कुराहरु पनि उठेका थिए । उक्त सम्मेलनको पूर्वसन्ध्यामा नेपालको संसद्को अर्थ समितिको बैठकमा पनि आर्थिक सुधारका विषयमा धेरै कुराहरु उठेका थिए । जसमा पूर्वअर्थमन्त्रीहरूले अर्थतन्त्र चलायमान बनाउन नयाँ चरणको आर्थिक सुधार आवश्यक रहेको बताउनुभएको थियो । आर्थिक सुधारको काममा सरकार र निजी क्षेत्र मिलेर अघि बढ्नुपर्ने प्रसंगहरु पनि आएका थिए । जसमा नेपालमा नयाँ चरणको आर्थिक सुधार आवश्यक रहेको कुरा उठेको थियो । सरकारले पुँजीगत खर्च वृद्धिलाई प्राथमिकता दिनुपर्नेमा सो नभएको भन्दै निजी क्षेत्रले लगानी विस्तार गर्न नसकिरहेको भन्नेलगायतका टिप्पणीहरु पनि भएका थिए । यसरी नेपालमा मात्र नभएर दक्षिण एसियाका सबै मुलुकहरूमा आर्थिक विकासको छटपटी बढेको देखिएको छ । सबै मुलुकका प्रतिनिधि र विज्ञहरु समेतले एकआपसमा हातेमालो गरेर अगाडि नबढेको खण्डमा आर्थिक विकासको गतिलाई तीव्रता दिन नसकिने निष्कर्ष निकालेको देखिएको छ । दक्षिण एसियाको भू-जटिलताले गर्दा बिभिन्न किसिमका बाधा व्यवधानहरु सिर्जना भएको ठहर पनि रहेका छन् । त्यसैले पहिलो त दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) लाई स्थापना कालको उद्देश्य र नीतिअनुसार तत्काल चलायमान बनाउनुपर्ने भएको छ भने दोस्रो दक्षिण एसियाली आर्थिक सम्मेलनका सन् २००८ यताका निष्कर्षहरूको समीक्षा गरिनुपर्ने र सोअनुसारका कदमहरु अगाडि बढाइनुपर्ने भएको छ । यसबारे खासगरी नेपालको अर्थ मन्त्रालयले मिहीन ढंगले छलफल चलाएर निष्कर्ष निकाल्ने र त्यसअनुसारका योजना बनाउनेतिर ध्यान दिनुपर्ने देखिएको छ ।

## अर्थ

### वित्तीय शब्दकोष



ऋषिलाल श्रेष्ठ

### Auditor (लेखापरीक्षक)

१) संस्था, कम्पनीले आफ्नै कर्मचारीको रूपमा वा बाहिरी व्यक्तिलाई लेखापरीक्षण गर्न नियुक्त गरिएको व्यक्ति । लेखापरीक्षक हुन चाहिने योग्यता विभिन्न देशमा कानुनद्वारा निर्धारित हुन्छ ।

२) लेखापरीक्षकले अरूले खडा गरेको लेखा, हिसाब, खाता दक्ष व्यवसायीको रूपमा जाँच परीक्षण गर्दछ ।

३) लेखापरीक्षकको योग्यता, काम, कर्तव्य, अधिकार, दायित्व आदि कानुनमा उल्लेख भए अनुसार हुन्छ ।

### AuditorÚs Report (लेखापरीक्षकको प्रतिवेदन)

कम्पनीको वार्षिक साधारणसभामा लेखापरीक्षकको प्रतिवेदन अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्दछ । कम्पनी कानुन वा देशको कानुनमा व्यवस्था भए अनुसार लेखापरीक्षकले हिसाब किताब, लेखा, कागजपत्र आदि जाँच परीक्षाण गरी कम्पनी वा व्यवसायको वासलात र सम्बन्धित लेखा विवरणले वास्तविक र ठीक आर्थिक स्थिति चित्रण गर्दछ वा गर्दैन भन्ने आफ्नो राय र अवस्था अनुसार सुझाव दिएको हुन्छ । लेखापरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने वा प्रष्ट पार्नुपर्ने कुराहरू स्वीकृत सिद्धान्त, लेखापरीक्षण मान र अपनाइएका प्रचालन आदि भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन दिइएको हुन्छ ।

# आर्थिक मन्दी: बेरोजगारलाई तनाव, शोषकलाई मालामाल !

● अनुसा थापा ●

देशमा आर्थिक मन्दी र बेरोजगारी छ । आर्थिक मन्दीको फाइदा होटल-रेस्टुरेन्ट व्यवसायी, निजी संघसंस्थाका मालिकलगायतले भरपुर उठाएका छन् । आर्थिक मन्दीको बहाना बनाउँदै पुरानालाई निकाल्ने, नयाँलाई एकाध महिना सित्तैमा दलाउने । बेरोजगारीका कारण सर्वसाधारण एकाध महिना सित्तैमा खटिन्छन् ।

त्यसपछि तलबको कुरा गरेमा काम चित्त बुझेन् भनेर निकालिदिने । घरायसी काम गर्नेहरूलाई पनि त्यस्तै व्यवहार गरिँदैछ । एकदुई महिनाको श्रम शोषकहरूले सित्तैमा खाइरहेका छन् । पहिले काम हेरौं भनेर राख्ने अनि तलबको कुरा निकालेपछि विभिन्न बहाना बनाएर कामबाटै निकालिदिने ।

यस्तालाई कारबाही गर्न देशमा नियामक निकाय छैन ? कसैको श्रम कसैले सित्तैमा खान पाउँदैन । तर, सरकार धारे हात लगाएर बस्दा गरिबहरूको श्रम शोषण गरिएको छ । सरकार भन्छ, 'श्रमिकलाई मासिक १७ हजार तीन सय रूपैयाँ तलब दिनुपर्छ । अनिवार्य नियुक्ति दिनुपर्छ ।'

त्यसैगरी, एक महिना बराबरको रकम तलब दशैं पेस्कीबापत दिनुपर्छ । उपचार खर्च, सार्वजनिक बिदा पनि दिनुपर्ने व्यवस्था छ । कामबाट निकाल्दा साहुले तीन महिनाको तलब दिनुपर्छ । विडम्बना, यहाँ त काम गरेकै तलब पाइँदैन । पेस्की, उपचार खर्चको त कुरै छोडौं ।

परिवार सबैको हुन्छ । सबैलाई खान पर्छ । आफ्नो परिवार पाल्नुपर्छ । कोठा भाडा तिर्नुपर्‍यो । बालबच्चाको स्कुल फिस तिर्नुपर्छ । गाडी चढ्नुपर्छ । घरमा कोही बिरामी पर्ला, अस्पताल लैजानुपर्‍यो । उनीहरु त काम पाइएला भनेर सित्तैमा खटिएका छन् । अन्त्यमा काम नै दिँदैनन् ।

